# नेपाली कांग्रेस र नेकपा (एमाले) लगायतका दलहरु सहभागी संयुक्त सरकार सञ्चालनका लागि सहमतिको साझा न्यूनतम कार्यक्रम, आचारसंहिता र सरकार सञ्चालनको कार्यविधि

## पृष्ठभूमि

स्थायी शान्ति, राजनीतिक स्थिरता, आर्थिक एवं सामाजिक रुपान्तरण संघीय संरचनामा आधारित लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना एवं संविधानको निर्माणका लागि भूमिका निर्वाह गर्ने मूल उद्देश्यसहित सरकारको गठन भएको र राष्ट्रिय सहमतिका आधारमा सरकार सञ्चालन गरिने तथ्यप्रति सबैलाई आश्वस्त गर्दै, राष्ट्रको आर्थिक विकासमा सरकारी, निजी, सहकारी एवं सामुदायिक क्षेत्रको लगानीको सिद्धान्तप्रति निष्ठा व्यक्त गर्दै, आर्थिक विकासको आधारभूत स्रोतका रुपमा रहेका उर्जा र पूर्वाधार विकास, कृषि क्षेत्रको आधुनिकीकरण, आधुनिक उत्पादन प्रणालीमा आधारित औद्योगिकरण खासगरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धक उद्योगहरुको विकास, व्यापार विविधिकरण, वन पैदावार एवं जडिबुटीको विकास, उत्पादन र निर्यात, खनिज पदार्थको पहिचान, उत्खनन् एवं व्यवसायिकरण तथा पर्यटन प्रवर्द्धन र विकास गर्दै समृद्ध नेपाल निर्माण गर्ने पुनित कार्यमा अगाडि बढ्ने सरकारको उद्देश्य रहेको स्पष्ट पार्दै नेपाली कांग्रेस र नेकपा (एमाले) का बीचमा सम्पन्न सात बुँदे सहमतिका कार्यान्वयन हुन बाँकी बुँदाहरुको कार्यान्वयन गर्ने पुनः प्रतिबद्धता व्यक्त गर्दै संयुक्त सरकारको **"साझा न्यूनतम कार्यक्रम, आचार संहिता र सरकार सञ्चालनको कार्यविधि"** तयार गरी जारी गरिएको छ ।

## साझा न्यूनतम कार्यक्रम

### (क) राजनीतिक

१. संविधानसभाबाट एकवर्ष भित्रै संविधान तयार गरी सार्वजनिक गर्न सरकारको तर्फबाट गर्नुपर्ने कामलाई उच्च प्राथमिकता दिइनेछ । यस कामका लागि नेपाल सरकारका तर्फबाट संविधानसभालाई आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराइनेछ ।

२. संघीय संरचना अन्तर्गतका स्थानीय निकाय गठन नहुञ्जेलसम्मका लागि स्थानीय निकायको निर्वाचन सम्पन्न गर्न राजनीतिक दलहरुसँग आवश्यक परामर्श गरी यथाशीघ्र निर्वाचनको मिति घोषणा गरिनेछ ।

३. शान्ति प्रक्रियाका बाँकी रहेका कामहरुलाई सहमतीका आधारमा यथाशीघ्र सम्पन्न गरिनेछ । संक्रमणकालीन न्याय सुनिश्चित गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोग गठन सम्बन्धी कानून निर्माण गरिनेछ। राहत नपाएका शहिद परिवार एवं द्वन्द पीडितहरुलाई राहत उपलब्ध गराउने कामलाई छरितो र प्रभावकारी रुपमा सम्पन्न गरिनेछ ।

४. संवैधानिक अंगहरुका रिक्त पदहरुमा यथाशीघ्र पदपूर्ति गरिनेछ।

५. संविधानसभा भित्र र बाहिर रहेका राजनीतिक दलहरुसँग निरन्तर सम्वादका माध्यमबाट संविधान निर्माण, लोकतन्त्रको सुदृढीकरण तथा आधारभूत राष्ट्रिय हितका पक्षमा सहमती जुटाउन प्रयत्न गरिनेछ ।

६. हाल प्रधानमन्त्रीले नेतृत्व गर्ने अत्यधिक समिति एवं प्रतिष्ठानहरुको संख्याको प्राथमिकता निर्धारण गरी घटाउनेतर्फ पहल गरिनेछ ।

## (ख) सुशासन र शान्ति सुरक्षा

७. कानूनी राज्य र सुशासनको मान्यता अनुरुप राज्य सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्व प्रवर्द्धन गरी सरकारी कामलाई परिणाममुखी बनाइनेछ ।

८. प्रत्येक नेपाली नागरिकको जीवन, स्वतन्त्रता एवं निर्धक्क पेशा रोजगार गर्न पाउने हकको सुनिश्चितताका लागि सार्वजनिक सुरक्षा प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाइनेछ ।

९. अपराध नियन्त्रणमा सुरक्षा निकायको भूमिकालाई थप प्रभावकारी बनाउन सुरक्षा निकायको क्षमता, योग्यता एवं व्यवसायिकताको अभिवृद्धि गर्नुका साथै सुरक्षाकर्मीको भर्ना छनौटलाई व्यवस्थित गर्न सुरक्षा सेवा आयोग गठन गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

१०. फौजदारी न्याय प्रणालीको स्वच्छता एवं निष्पक्षताको सुनिश्चित गर्न अपराध अनुसन्धान प्रणालीमा वैज्ञानिक विधि अनुरुप प्रमाण संकलन एवं प्रयोगको क्षमताको प्रवर्द्धन गरिनेछ । सोका लागि आवश्यक सबै प्रबन्ध गरिनेछ ।

११. फौजदारी न्याय प्रणालीमा स्वच्छता, विश्वसनीयता एवं निष्पक्षता सुनिश्चित गर्न आधुनिक प्रविधिको प्रयोग एवं वैज्ञानीक विधी अनुरुप अपराध अनुसन्धान कार्यलाई व्यवस्थित गरिनेछ । यस कार्यमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिका लागि थप कार्यक्रम ल्याइनेछ ।

१२. सार्वजनिक सुरक्षा, अपराध नियन्त्रण तथा अनुसन्धान गरी अपराधीहरूको पहिचान गर्न र कानूनी दायरामा ल्याउन आवश्यक अन्वेषण तथा अनुसन्धानात्मक कार्यहरूलाई सुदृढ गराइनेछ ।

१३. अपराध नियन्त्रण, अनुसन्धान एवं अपराध गर्नेहरूमाथि हुने कारबाहीका क्रममा मानव अधिकारको संरक्षणको प्रत्याभूति गरिनेछ ।

१४. राज्यका कार्यप्रणालीमा सूचना-प्रविधिको प्रयोगलाई प्रोत्साहन गरी सेवा प्रवाह र निर्णय प्रक्रियालाई सरल, पारदर्शी तथा छरितो बनाइनेछ ।

१५. स्वदेश तथा विदेशका अनावश्यक भ्रमणलाई निरुत्साहित गरिनेछ । सरकारी खर्चमा हुने भोजभतेर, तडकभडक आदि फजुल खर्च नियन्त्रण गरी मितव्ययी नीति अपनाइनेछ।

१६. सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको अनुगमन र गुणस्तर निर्धारण तथा परीक्षण गर्न सक्नेगरी राष्ट्रिय सतर्कता केन्द्रको संगठनात्मक संरचनामा आमूल परिवर्तन गरी विस्तार र क्षमतायुक्त बनाइनेछ ।

१७. सार्वजनिक प्रशासनलाई जनमुखी र दक्ष बनाउनका लागि सबैका लागि तालीम कार्यक्रम अगाडी बढाइनेछ। साथै संघीय प्रणालीका लागि अनुकुल हुनेगरी रुपान्तरणको तयारी कार्यलाई तीव्रता दिइनेछ।

१८. मुलुकमा दण्डहीनताको अन्त्य एवं विधिको शासनको प्रत्याभूती गरी शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाइनेछ । प्रहरी सेवामा हुने भर्ना, छनौट र बढुवालाई निष्पक्ष बनाउन सुरक्षा सेवा आयोग गठन सम्बन्धी आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।

१९. अध्यागमन प्रशासनलाई थप प्रभावकारी बनाउन अध्यागमन कार्यालयबाट नेपालबाट भित्रिने र बाहिरीने स्वदेशी तथा विदेशी यात्रुहरुको अभिलेख व्यवस्थापन आधुनिक सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ ।

२०. सरकारी र गैरसरकारी क्षेत्रको सहकार्यमा विपद व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२१. कारागारको भौतिक संरचना सुधार र आन्तरिक व्यवस्थापन सुदृढ गरिनेछ ।

२२. शान्ति सुरक्षा र विकास एक-अर्काका पुरक भएकोले विकास निर्माणका कार्यमा पर्याप्त र भरपर्दो सुरक्षाको व्यवस्था गरिनेछ ।

२३. घर, जग्गा लगायत अचल सम्पत्ति रजिष्ट्रेशन प्रक्रियालाई सरल र सहज बनाउन सूचना प्रविधिमा आधारित कम्प्यूटर प्रणाली मार्फत गरिने सेवा प्रवाहलाई थप व्यवस्थित बनाइ विस्तार गरिनेछ ।

२४. न्यायपालिका, राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संवैधानिक अंगहरुबाट दिइएका निर्देशन तथा सुझावहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

२५. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अबलम्वन गरिनेछ । समाजमा बढ्दै गएको अपराध, अराजकता र विकृतिहरुलाई निरुत्साहन र नियन्त्रण गरिनेछ । सरकारका विभिन्न निकायमा हुने भ्रष्टाचार, अधिकारको दुरूपयोग एवं अनियमितता निवारणका लागि राष्ट्रिय सतर्कता केन्द्रलाई सुदृढ बनाई परिचालन गरिनेछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आवश्यक सहयोग सरकारले गर्नेछ।

२६. सार्वजनिक संस्थानहरुको अवस्थामा सुधार ल्याइनेछ । लामो समयदेखि संचालनमा नआएका संस्थानहरुलाई आवश्यकतानुसार पुनःसंरचना वा विधिसम्मत ढंगवाट निजीक्षेत्र समेतको सहभागितामा पुनः संचालन गरिनेछ । साथै तिनीहरुको कार्यक्षमता अभिवृद्धि गर्नका लागि दक्ष जनशक्ति आपूर्ति गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

२७. उपभोक्ताको हितलाई ध्यानमा राखी वस्तु र सेवा लगायतका क्षेत्रमा कायम गैरकानूनी सिण्डिकेट प्रथालाई खारेज गरी खुला र प्रतिस्पर्धात्मक सेवा प्रदान गर्ने वातावरण बनाइनेछ ।

२८. पेट्रोलियम पदार्थ, ग्याँस, चिनी, नून लगायतका अत्यावश्यक वस्तुहरु र खाद्य पदार्थको कृत्रिम अभाव सृजना गर्ने व्यक्ति तथा संस्थामाथी हदैसम्मको कारवाही गर्ने नीति अवलम्बन गरिनेछ ।

२९. रासायनिक मल, किटनाशक औषधी एवं वीउविजन समयमै कृषकलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३०. पेट्रोलियम पदार्थको सहज आपूर्तिको लागि लागतको आधारमा मूल्य समायोजन गर्ने नीति अवलम्बन गरिने छ । घरायसी र व्यवसायिक प्रयोजनको लागि तयार गरिएका छुट्टाछुट्टै रंगका ग्याँस सिलिण्डरहरु तत्काल प्रयोग गरिनेछ ।

३१. नेपाल आयल निगमको व्यवस्थापनमा सुधार गर्दै व्यावसायिक संस्थाको रुपमा विकास गरिनेछ । पेट्रोलियम पदार्थको सहज आपूर्ति र नेपाल आयल निगमको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न निजी क्षेत्रलाई खुला गरिनेछ ।

३२. आपूर्ति व्यवस्थापनलाई सहज र पहुँचयोग्य बनाउन बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ ।

## (ग) आर्थिक, वित्तीय एवं संरचनात्मक विकास तथा प्राकृतिक सम्पदा

३३. बजेट तर्जुमा र कार्यान्वयनलाई राजनीतिबाट अलग राखी प्रत्येक वर्ष एक निश्चित समयमा बजेट प्रस्तुत गर्ने समय तालिका सहितको बजेट व्यवस्थापन तथा वित्तीय जवाफदेहिता सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३४. प्रत्येक आर्थिक वर्षको अन्त्यमा बचत हुने नेपाल सरकारको स्रोत तर्फको बजेट रकम एउटा छुट्टै पूर्वाधार विकास कोष (Infrastructure Development Fund) खडा गरी सो कोषमा जम्मा हुने व्यवस्था मिलाईनेछ। यो कोषबाट सडक, सिंचाई र विद्युत तर्फका वृहत आयोजनाहरुमा आवश्यक थप बजेट उपलब्ध गराइनेछ ।

३५. वैदेशिक सहायताको परिचालन छनोटपूर्ण तरिकाले राष्ट्रिय विकास सहायता नीति र प्राथमिकताको आधारमा गरिनेछ । रोजगारीका अवसरहरु सृजना गर्ने, निर्माणमा सघाउ पुग्ने, जलस्रोत, पूर्वाधार, कृषि तथा पर्यटन विकासका क्षेत्रहरुमा वैदेशिक सहायता परिचालनमा जोड दिइनेछ । स-साना कार्यहरुको लागि पनि विदेशी सहायता स्वीकार गर्ने प्रवृत्तिलाई अन्त्य गरी वैदेशिक सहायताको न्यूनतम सीमा निर्धारण गरिनेछ । तोकिएको भन्दा कम सहायता दिने दातृ पक्षलाई एकीकृत कोष सञ्चालन प्रणालीमा रकम जम्मा गर्न प्रोत्साहित गरिनेछ ।

३६. गैर सरकारी संघसंस्थामा प्राप्त हुने रकमलाई एकद्वार प्रणालीबाट प्रवाह गरी उनीहरूका क्रियाकलापलाई पारदर्शी र उत्तरदायी बनाइनेछ ।

३७. करको दायरा विस्तार, कर कानूनको परिपालना र चुहावट नियन्त्रण गरी राजस्व संकलनमा उच्च वृद्धिदर हासिल गरिनेछ ।

३८. मूल्य अभिवृद्धि कर र आयकरलाई राजस्वको प्रमुख स्रोतको रुपमा विकास गरिनेछ । कर छुटको वर्तमान नीतिमा पुनरावलोकन गरिनेछ।

३९. कर तिर्ने प्रक्रियामा सरल गरी व्यवसायिक लागत घटाउन विवरण पेश गर्ने लगायतका कार्यहरु अनलाइन (Online) प्रणाली मार्फत गरिनेछ ।

४०. कामको प्रकृति, अन्य देशको अनुभव एवं आवश्यकता समेतलाई ध्यानमा राखी राजस्व प्रशासनलाई छुट्टै विशेषज्ञ सेवाको रुपमा विकास गरिनेछ ।

४१. अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालले गरेको प्रतिवद्धता अनुरुप कानूनको तर्जुमा, कार्यान्वयन र संस्थागत सुदृढिकरण गरिनेछ ।

४२. वित्तीय क्षेत्रमा सुधारका सम्बन्धमा विचाराधीन विधेयकहरुका बाँकी कामहरु सम्पन्न गरी समस्त वित्तीय क्षेत्रलाई सुदृढ, भरपर्दो र दरिलो बनाइनेछ ।

४३. उच्च आर्थिक वृद्धिदर हासिल गर्नका लागि सार्वजनिक र निजी क्षेत्रको लगानी वृद्धि गर्नुका साथै लगानीको उत्पादकत्व बढाइनेछ । स्वदेशी तथा विदेशी लगानी प्रोत्साहन गर्न थप आर्थिक सुधारका कार्यक्रम ल्याइनेछ ।

४४. उद्योग क्षेत्रको विकास र लगानी प्रर्वद्धनका लागि आवश्यक नीति र कानूनको निर्माण तथा परिमार्जन गरिनेछ । औद्योगिक व्यवसाय ऐन, २०४९ लाई संशोधन गर्ने विधेयकलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ । साथै, विदेशी लगानीलाई सरल, सहज र लगानीमैत्री बनाउन नयाँ वैदेशिक लगानी नीति तथा कानूनको तर्जुमालाई अन्तिम रुप दिई यथाशीघ्र जारी गर्नेतर्फ कारवाही अगाडि बढाइनेछ । बौद्धिक तथा औद्योगिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनलाई सहज तुल्याउन तत्सम्बन्धी नीति एवं कानून निर्माण गरिनेछ।

४५. निर्यातमूलक उद्योगहरुको प्रवर्द्धन गरी व्यापार असन्तुलन कम गर्न र रोजगारी सृजना तथा आर्थिक वृद्धि मार्फत गरिबी निवारण गर्नका लागि विशेष आर्थिक क्षेत्र (Special Economic Zone, SEZ) को स्थापना तथा संचालन सम्बन्धी कानून निर्माण गरी उपयुक्त संस्थागत व्यवस्था समेत गरिनेछ ।

४६. रुग्ण उद्योगहरुको पुनः संचालन तथा पुर्नव्यवस्थापनका लागि आवश्यक नीतिगत, कानूनी, संस्थागत एवं प्रक्रियागत व्यवस्था गरिनेछ ।

४७. लघु, घरेलु तथा साना उद्योग, कृषि, फलफुल तथा पशुपालनलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाउन पूर्वाधार विकास, प्रसार सेवा एवं गुणस्तर सुधार गर्ने जस्ता कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईनेछ । स-साना व्यवसाय सञ्चालन गर्न सघाउने बचत तथा ऋण सहकारीको प्रवर्द्धन र अनुगमन एवं नियमनलाई सुदृढ पारिनेछ ।

४८. कृषि, पर्यटन, जलस्रोत, उद्योग एवं खनिज पदार्थको उत्खनन् र पूर्वाधार जस्ता क्षेत्रमा लगानी वृद्धि गर्न विशेष जोड दिइनेछ ।

४९. विशेष आर्थिक क्षेत्रको स्थापना, सुदूरपश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल लगायतका न्यून औद्योगिक विकास भएका स्थानहरुमा  उद्योग स्थापनालाई प्रोत्साहित गर्न निश्चित समयसम्म आयकर छुट लगायत सुविधा दिने नीति लिइनेछ ।कञ्चनपुर, कैलाली लगायत देशका अन्य सम्भावित स्थानमा औद्योगिक क्षेत्र घोषणा गरिनेछ ।

५०. स्थानीय विकास कार्यक्रममा हुने जनसहभागीतालाई थप प्रोत्साहन गरिनेछ । आवश्यक संरचनागत सुधार गरी स्थानीय निकायको क्षमता अभिवृद्धि गरिनेछ । गाउँ विकास समितिको अनुदानलाई कार्यान्वयन क्षमता बढाई प्रतिफलसँग आवद्ध गरी आर्थिक अनुशासन एवं नियमितता कायम गरिनेछ ।

५१. सन्तुलित विकासको अवधारणालाई कार्यान्वयन गर्न निर्वाचन क्षेत्रलाई आधार मानी भौतिक एवं सामाजिक संरचनाको विकास गरिनेछ र त्यस्ता विकासका कार्यमा गरिने खर्चलाई पारदर्शी बनाइनेछ ।

५२. कृषियोग्य जमिनमा वास्तविक किसानहरुको पहुँच पुऱ्याउनका लागि वैज्ञानिक भूमिसुधार सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । करार खेती, सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

५३. युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्न कृषि विकास सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गरी कृषिको व्यवसायीकरण मार्फत उत्पादकत्व बृद्धीमा जोड दिइनेछ । कृषि क्षेत्रमा व्यवसायिक लगानी प्रवर्द्धन गर्न विद्यमान वाली तथा पशुपंक्षी विमाको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ ।

५४. जमिनको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्ने गरी राष्ट्रिय भू-उपयोग नीति ल्याइनेछ र सहरीकरण एवं आवास निर्माण कार्यलाई व्यवस्थित बनाइनेछ । महत्वपूर्ण राष्ट्रिय संरचना (Vital Installation) वरिपरि हुने निर्माणलाई व्यवस्थित गर्ने मापदण्ड निर्माण गरिनेछ ।

५५. खाद्यान्न, दूध, फलफूल, माछामासु र अण्डाको उत्पादनमा आत्मनिर्भर हुने लक्ष्यका साथ सहुलियत ब्याजदरमा ऋणको व्यवस्था गरिनेछ । प्रसार सेवा, उन्नत बीऊविजन र बजारीकरणको लागि व्यवस्थित सेवा उपलब्ध गराउनुका साथै कृषि अनुदानमा बृद्धि गरिनेछ । कृषक परिचय-पत्र लागू गरिनेछ ।

५६. अलैंची, अदुवा र प्राङ्गारिक कफी एवं चियाको गुणस्तर अभिबृद्धि गरी निर्यात प्रवर्द्धन गरिनेछ ।

५७. रणनीतिक एवं राष्ट्रिय महत्वका बृहत आयोजनाहरूको शीघ्र कार्यान्वयनमा जोड दिइनेछ । काममा अवरोध नहुने गरी बजेटको यथोचित व्यवस्था गरिनेछ ।

५८. उर्जा विकास गरी राष्ट्रको सम्वृद्धिको आधार निर्माण गरिनेछ । सार्क राष्ट्रमा विद्युतको अन्तरदेशीय प्रशारण लाइन निर्माण गरी सहज निर्यात र आयातको व्यवस्था गर्न पहल गरिनेछ । घरेलु प्रयोजनका लागि साँझको समयमा उर्जा उपलब्ध गराउन अधिकतम प्रयत्न गरिनेछ । हाल निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु तोकिएको समयमै सम्पन्न गर्न प्रयाप्त साधन र स्रोतको व्यवस्था गरिनेछ । विद्युत चुहावट नियन्त्रणलाई उच्च प्राथमिकता दिइनेछ । ग्रामीण विद्युतीकरणमा जोड दिई विभिन्न कार्यक्रम निर्माण गरिनेछ ।

५९. उर्जा विकासका अल्पकालीन र दीर्घकालीन योजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ । उत्पादन स्थल र मुख्य माग भएका स्थानसम्म राष्ट्रिय प्रशारण लाईन विस्तार गरिनेछ । बढ्दो लोडसेडिङ्गको समस्यालाई क्रमशः न्युनीकरण गर्न आवश्यक सबै विकल्पहरुको प्रयोग गरी तीनवर्ष भित्र लोडसेडिङ्गको अन्त्य गरिनेछ । पश्चिम सेती, माथिल्लो कर्णाली, पञ्चेश्वर, अरुण, नौमुरे कर्णाली चिसापानी जस्ता ठूला आकारका परियोजनाहरुलाई प्राथमिकता साथ समयमा सम्पन्न गर्न आवश्यक सबै उपायहरु अवलम्बन गरिनेछ ।

६०. विद्युत विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीमैत्री वातावरण निर्माण गर्न थप आवश्यक उपायहरुको अवलम्बन गरिनेछ ।

६१. स्थानीयस्तरको पूँजी र श्रम प्रयोग गरी छोटो समयमा उत्पादन गर्न सकिने लघु जलविद्युत आयोजनाहरुलाई थप प्रोत्साहन गरी स्थानीयस्तरमा विद्युत उत्पादन बढाइनेछ । निजी क्षेत्रबाट उत्पादन हुने विद्युतको खरीद सम्झौता र उर्जा विकास सम्झौता (PDA) समयमै गर्ने र प्रसारण लाईन निर्माणमा निजी क्षेत्रलाई समेत सहभागी गराउने नीति लिइनेछ । विद्युत उत्पादनको लागि इजाजतपत्र प्राप्त गरेका तर लामो समयसम्म पनि निर्माण कार्य प्रारम्भ नगरेका व्यक्ति तथा संस्थाको इजाजत पत्र खारेज गरिने छ । साथै आगामी उत्पादन इजाजतपत्र दिंदा निर्माण शुरु गर्ने अवधी तोकेर दिइने र सो अवधीमा निर्माण कार्य शुरु नगरेमा इजाजतपत्र स्वतः खारेज हुने व्यवस्था गरिनेछ ।

६२. विद्युत उत्पादन तथा प्रसारणका क्षेत्रमा देखिएका मुआव्जा, क्षतिपूर्ति एवं स्थानीयस्तरका समस्याहरु आउन नदिन र प्रसारण लाईन निर्माणमा कुनै किसिमको अवरोध श्रृजना हुन नदिन कडा कानूनी व्यवस्था गरिने छ । प्रमुख औद्योगिक क्षेत्रहरुमा नियमित विद्युत आपूर्तिको व्यवस्था गर्न उद्योगहरुलाई छुट्टै फिडरद्वारा नियमित रुपमा विद्युत उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

६३. सिंहदरवार सचिवालय क्षेत्र र उपत्यकाका तीनैवटै शहर काठमाण्डौ, ललितपुर र भक्तपुरका प्रमुख सडकहरुमा सौर्य उर्जाबाट बत्ती बाल्ने व्यवस्था मिलाइनेछ । साथै सौर्य उर्जाको प्रवर्द्धन र अन्य वैकल्पिक ऊर्जा उत्पादनको कार्यक्रमलाई तिब्रता दिइने छ । यसको लागि बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्तरोन्नति र क्षमता अभिबृद्धि गरिनेछ । ग्रामिण क्षेत्रमा विद्युत नपुगेका ठाउँमा नविकरणीय उर्जाका कार्यक्रम संचालनमा थप प्रभावकारिता ल्याइनेछ । स्थानीय निकायहरुको सहभागीतामा सौर्य उर्जा व्यवस्थापन र उपयोग गर्ने व्यवस्था मिलाईनेछ।

६४. पूर्व-पश्चिम रेलमार्ग तथा उपत्यकाभित्रको मेट्रो-रेलमार्ग लगायत अन्य संभाव्य क्षेत्रमा रेलमार्ग विकास र सम्भाव्यता सर्वेक्षण कार्यलाई अगाडि बढाइनेछ । काठमाण्डौ उपत्यका लगायत देशभर थालिएको सडक विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ । लुम्बिनी गुरुयोजनाका बाँकी कार्य र वृहत्तर लुम्विनी विकासको गुरु योजना निर्माण तथा वागमती नदी संरक्षण लगायत वागमती सभ्यता विकास आयोजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ। बृहत जनकपुर परिक्रमा परिपथ र जनकपुर अन्नगृही परिक्रमा पथ निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

६५. उत्तर-दक्षिण सीमा लोकमार्गको निर्माणलाई प्राथमिकता दिइनेछ । मध्य-पहाडी लोकमार्ग, काठमाण्डौं देखि तराई जोड्ने फाष्ट ट्रयाक र हुलाकी लोकमार्गको ट्रयाक खोल्ने र निर्माण गर्ने कामलाई तीव्रता दिइनेछ । जिल्ला सदरमुकाम जोड्न बाँकी रहेका जिल्लाका सदरमुकाम जोड्ने सडक निर्माण तथा कालोपत्रे गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

६६. उच्च व्यापार घाटा कम गर्न, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने उद्योग व्यवसायहरुलाई प्रोत्साहन गरिनेछ । स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरुलाई विशेष सुविधा प्रदान गरिनेछ ।

६७. बहुमूल्य पत्थर र जडीबुटी प्रशोधन सम्बन्धी व्यवसायलाई रोजगार तथा स्वरोजगार सृजना गर्ने गरी प्रवर्द्धन गरिनेछ । बहुमूल्य पत्थरको अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । जडीबुटी प्रशोधन गर्ने उद्योगहरुको प्रवर्द्धन गरी निर्यात अभिवृद्धि गर्ने नीति लिईनेछ ।

६८. सीमान्तकृत तथा गरिब सुकुम्बासीलाई लिज वेशमा उत्पादन भूमि व्यवस्थाको पहल गरिनेछ ।

६९. टार तथा उपत्यकाहरूमा रहेका कृषियोग्य भूमिको व्यवसायिक प्रयोग गर्न प्रोत्साहन गरिनेछ। कृषकहरुको आर्थिक अवस्थालाई सुदृढीकरण गर्न सघन सिँचाईको व्यवस्था गरिनेछ । साना तथा मझौला सिँचाई प्रणालीहरूको सुदृढीकरण एवं विकास गर्न विशेष प्राथमिकताका साथ सरकारले लगानी गर्नेछ ।

७०. पानीको स्रोत कम भएका तथा पहाडको भिरालो जमीनमा तथा न्यून जमीन भएका कृषकहरुको व्यवसायिक कृषि मार्फत आय वृद्धिका लागि नयाँ प्रविधिमा आधारित सिँचाई, कृषि, पर्यटन तथा लघु

जलविद्युतको विकासमा समेत टेवा पुऱ्याउने गरी बहुउद्देशीय पोखरी निर्माण तथा सम्भाव्यता भएका टारहरूमा लिफ्ट तथा भूमिगत जल सिँचाईको विकास गरिनेछ ।

७१. खाद्य सुरक्षालाई ध्यानमा राखी खाद्यान्नको उत्पादन बढाउनका लागि तराईको कृषियोग्य भूमिमा बाऱ्है महिना सिँचाई सुविधा उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ । इन्टरबेशिन वाटर ट्रान्सफर बहुउद्देशीय योजनाहरू मार्फत मौजुदा विकसित सिँचाई प्रणालीलाई पानी आपूर्ति गर्ने तथा स्यालो ट्युवेल निर्माण गर्ने परियोजनामा लगानी बढाइनेछ।

७२. निर्माण सम्पन्न भई हाल जीर्ण बन्दै गएका विभिन्न सिँचाई आयोजनाहरुलाई नियोजित ढंगबाट सुदृढ गरी उपभोक्ताहरूको संलग्नताबाट मर्मत सम्भार गरिनेछ ।

७३. वातावरणीय परिवर्तनका कारण अतिवृष्टिका कारण ठूला तथा मझौला नदीहरुबाट हुने धनजनको क्षति एवं जोखिमबाट बस्ती, भौतिक संरचना र कृषियोग्य भूमिको सुरक्षाका लागि प्रत्येक रिभर बेशिनको गुरू योजना अन्तर्गत जोखिम नक्सा बनाई प्राथमिकीकरण गर्दै नदी नियन्त्रण कार्य गर्नुका साथै नदी किनारका जमिनहरुको दिगो उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गरिनेछ ।

७४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधार गर्ने, जनकपुर, विराटनगर, नेपालगञ्ज, सुर्खेत र कैलालीका क्षेत्रीय विमानस्थललाई आधुनिकीकरण गर्ने । भैरहवा स्थित गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने कामलाई उच्च प्राथमिकता दिइनेछ । अन्य विमास्थलहरुको संरचनागत सुधार र आधुनिकीकरण र विमानस्थलहरुको निर्माण गर्ने कार्यलाई अघि बढाइनेछ ।

७५. नेपाल वायुसेवा निगममा थप हुने विमानको पूर्ण उपयोग गर्दै व्यवस्थापकीय तथा व्यवसायिक सुधार गरिनेछ ।

७६. अन्तर्राष्ट्रिय र आन्तरिक उडानमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

७७. पर्यटन प्रवर्द्धनको काममा सहयोग पुग्नेगरी नेपाल वायु सेवा निगमको व्यवस्थापन सुधार गरी थप विमानहरुको व्यवस्था गर्ने र निजी क्षेत्रलाई समेत यस काममा प्रोत्साहन गरिनेछ

७८. विभिन्न स्थानको पर्यटकीय सम्भावना अध्ययन गरी पर्यटकीयस्थल घोषणा गर्ने र उच्च सम्भाव्यता भएका स्थानको पूर्वाधार विकास गर्ने कामलाई प्राथमिकता दिईनेछ । पर्यटन पूर्वाधारमा निजीक्षेत्रलाई प्रोत्साहन गरिनेछ । विदेशस्थित नेपाली नियोगहरूलाई पनि पर्यटन प्रवर्द्धनको लागि परिचालन गरिनेछ।

७९. आगामी ६ महिना भित्र हवाई उडान क्षेत्रको व्यापक सुधार गरी सुरक्षित हवाई उडानको सुनिश्चित गरिनेछ।

८०. पर्यटनको विकास र प्रवर्द्धनको निमित्त आवश्यक पर्यटकीय सडकको निर्माणमा जोड दिइनेछ ।

८१. पशुपतिनाथ, मुक्तिनाथ, देवघाट, बराहक्षेत्र, रूरू, मनकामना, स्वर्गद्वारी, सखडा भगवती, राम जानकी मन्दिर, शैलेश्वरी, ऊग्रतारा, खप्तड, पाथीभरा, हलेसी लगायतका देशका विभिन्न धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन गरी धार्मिक पर्यटकहरूलाई आकर्षित गर्दै पर्यटन प्रवर्द्धन गरिनेछ।

८२. देशका महत्त्वपूर्ण पुरातात्त्विक र ऐतिहासिक स्थलहरूको उत्खनन्, संरक्षण, सम्बर्द्धन र विकासमा जोड दिइनेछ ।सबै प्रकारका संग्रहालयहरुको विकास गरिनेछ ।

८३. देशका विभिन्न स्थानमा पर्यटकीय सूचना केन्द्रको स्थापना गरी पर्यटकहरुको यात्रा सुरक्षित र सहज बनाइनेछ ।

८४. साहित्य, कला र सांस्कृतिक विकासमा जोड दिइनेछ ।

८५. हुलाक सेवाको परम्परागत सेवालाई आधुनिक र सूचना प्रविधिमा आधारित सेवामा रुपान्तरण गरी यस सेवाको आकर्षालाई पुनर्स्थापित गर्न सेवामा विविधीकरण गर्दै हुलाक सेवा विभागलाई स्वायत्त र व्यावसायिक संस्थाको रुपमा विकास गरिनेछ ।

८६. लोकतन्त्रको आधारको रुपमा रहेको प्रेसको पूर्ण स्वतन्त्रता प्रत्याभूति गरिनेछ । सञ्चार क्षेत्रलाई मर्यादित एवं जिम्मेवार वनाउन प्रेस काउन्सिलको भूमिका अभिवृद्धि गरिनेछ । सामाजिक सञ्जाल र अनलाइन मिडिया सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।

८७. रेडियो फ्रिक्वेन्सीको सदुपयोगका लागि आवश्यक कानूनी र संरचनागत सुधार गरिनेछ। नेपालको सेटलाईट स्पेस अधिकारको संरक्षण गरी राष्ट्रको हितमा अधिकतम सदुपयोग गरिनेछ ।

८८. दुर्गम ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको सूचना तथा सञ्चारमा पहुँच वृद्धि गर्न सामुदायिक विद्युतीय संचार केन्द्रको स्थापना तथा संचालनलाई प्राथमिकता दिईनेछ ।

८९. अप्टीकल फाइवरको विस्तार गरी सञ्चार सेवालाई अझ बढि गुणस्तरीय र प्रभावकारी बनाउँदै लगिनेछ ।

९०. नेपालको प्राकृतिक स्रोतहरुमाथि नेपाली जनताको अक्षुण अधिकारको रक्षा गर्दै तिनको समुचित उपयोग नीति अबलम्बन गरिनेछ ।

९१. न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गरिनेछ । उच्च प्राथमिकताका साथ चुरे संरक्षण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।जलाधार र सिमसार क्षेत्र तथा जैविक विविधता र पर्यावरण प्रणालीको दिगो संरक्षणमा जोड दिइनेछ । जलवायु परिवर्तनको असरहरु कम गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै नागरिक चेतना अभिवृद्धि गरिनेछ ।

९२. सामुदायिक वन, साझेदारी वन र कबुलियत वनलाई थप व्यवस्थित गर्दै निजी क्षेत्रलाई वन तथा वन उद्यममा सहभागिताका लागि प्रोत्साहित गरिनेछ ।

९३. राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षहरुको उचित संरक्षण गर्दै उच्चपहाडी र हिमाली भेगमा जडिबुटी र गैरकाष्ठ पैदावार संकलन र प्रशोधनलाई थप व्यवस्थित गरिनेछ ।

९४. सदरमुकामहरु, व्यापारिक केन्द्रहरुका साथै राष्ट्रिय लोकमार्गहरुका आसपासमा शहरीकरणका सम्भाव्य ठाउँहरु पहिचान गरी व्यवस्थित सहरी विकास कार्यक्रम अघि बढाइनेछ ।गरीब र सीमान्तकृत वर्गको पहुँच हुनेगरी Land Pooling System बाट सुलभ घडेरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ ।

९५. सबै प्रकारका सेवा सुविधाहरु उपलब्ध हुनेगरी आधुनिक र व्यवस्थित बस्ती विकास गर्न प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा नमूना सहरी र कृषि बस्ती विकास कार्यक्रम अघि बढाइनेछ । पहाडी क्षेत्रमा संरक्षित बस्ती र तराई क्षेत्रमा व्यवस्थित बस्ती विकास कार्यक्रम ल्याइनेछ ।

## (घ) सामाजिक रुपान्तरण एवं उत्थान

९६. जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग र लोपोन्मुख जाति लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्दै बैकिङ्क प्रणालीबाट लक्षित समूहसम्म पुऱ्याउने कामको विस्तार तथा सुदृढीकरण गरिनेछ ।

९७. समाजमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी प्रत्येक नेपालीले सम्मानपूर्ण जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

९८. सहश्राव्दी विकास लक्ष्य अनुरुप निरक्षरता उन्मुलन गरिनेछ ।

९९. प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी उपलब्ध गराउने कुरालाई उच्च प्राथमिकता दिइनुका साथै आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ । ग्रामिण क्षेत्रमा काम गर्न डाक्टर तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरिनेछ ।

१००. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीका समस्या समाधान गर्न तथा सार्वजनिक जग्गा संरक्षण गर्न उच्चस्तरीय अधिकारसम्पन्न आयोग व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१०१. खाद्यान्न न्यून भएका जिल्लाहरुमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिनेछ । स्थानीय उत्पादनमा आधारित खाद्य परिकार र खाना संस्कृति विकास कार्यक्रम संचालन गरिनेछ। सो सम्बन्धी तालीमहरूको प्रबन्ध मिलाइनेछ ।

१०२. मुक्त कमैया र हलिया प्रथाबाट मुक्त भएका परिवार तथा घरवारविहिन विपन्न परिवारहरुलाई बासको व्यवस्था र उत्पादनमूलक काममा लगाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. राष्ट्रियता, लोकतन्त्र, विविधता, बहुलता, श्रमको सम्मान तथा मानवीय मूल्यमा आधारित नयाँ संस्कृतिको निर्माणको लागि जनसहभागितामा विशेष अभियान सञ्चालन गरिनेछ।

१०४. खेलक्षेत्रको समग्र विकासका लागि पूर्वाधार विकास, खेल शिक्षा, खेल प्रतिभाको विकास र संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०५. क्रिकेट खेलले प्राप्त गरेको सफलता र नेपालको अन्तर्राष्ट्रिय साख बृद्धिमा पुर्‍याएको योगदानलाई ध्यानमा राखी क्रिकेट एकेडेमी तथा अन्तर्राष्ट्रियस्तरको क्रिकेट स्टेडियम निर्माण गर्ने काम अगाडि बढाइनेछ । खेलकूदलाई नयाँ गतिकासाथ अघि बढाउन दक्षिण एशियाली खेलकूदलाई समेत लक्षित गरी राष्ट्रिय खेलकूद ग्राम विकास गर्ने, विद्यमान क्रिकेट र खेल मैदानको स्तरोन्नति गरी बाह्रै महिना व्यवसायिक क्रिकेट खेल्न सक्ने गरी पूर्वाधार तयार गरिनेछ ।

१०६. "एक जिल्ला एक कभर्डहल" र "एक निर्वाचन क्षेत्रः एक खेलमैदान" कार्यक्रमलाई अभियानकै रुपमा अगाडि बढाइनेछ । खेलाडी संरक्षण कार्यक्रम सहित युवा हकहितका कार्यक्रमहरुलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

१०७. क्षेत्रीयस्तरको रंगशाला निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

१०८. ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाको रुपमा रहेको गुठी जग्गाको संरक्षण र सम्बर्द्धनलाई प्रभावकारी बनाइनेछ ।

१०९. आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउदै ग्रामिण र दुर्गम क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मी तथा स्वयंसेवकलाई प्रोत्साहन गरिनेछ । एक

गा.वि.स. दुई नर्स प्यारामेडिक अवधारणालाई कार्यान्वयन गरिनेछ । निःशुल्क रुपमा उपलब्ध गराईरहेको विभिन्न औषधिहरुको संख्यालाई बृद्धि गरिनेछ ।

११०. सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक समेतलाई समेटी जनताको स्वास्थ्य बीमा कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१११. हाल निर्माण सम्पन्न भैसकेको इमरजेन्सी तथा राष्ट्रिय ट्रमा सेन्टरलाई तत्काल सञ्चालनमा ल्याईनेछ ।

११२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका र सिमान्तकृत जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा आधारभूत तहमा उपलब्ध गराईनेछ ।

११३. किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न सरकारी स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री विशेष स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।

११४. आयुर्वेद लगायतका वैकल्पिक चिकित्सा पद्दतिलाई प्रवर्द्धन गरिनेछ ।

११५. मेडिकल कलेजहरुबाट जिल्ला अस्पतालमा दक्ष जनशक्ति र विशेषज्ञ सेवा निःशुल्क पुऱ्याउने व्यवस्था लागू गरिनेछ ।

११६. स्वास्थ्य प्राविधिकलाई अनिवार्य ग्रामीण स्वास्थ्य संस्थामा काम गरेपछि मात्र शैक्षिक उपाधिको प्रमाणपत्र पाउने व्यवस्था गरिनेछ ।स्वास्थ्य क्षेत्रको प्राविधिक जनशक्तिले न्यूनतम अवधि स्वेदशमै सेवा गरेपछि मात्र विदेश जान पाउने व्यवस्था गरिनेछ।

११७. औषधी र स्वास्थ्य सेवाको गुणस्तरीयतालाई नियमित अनुगमन गरिनेछ । क्षेत्रीय, उपक्षेत्रीय र अञ्चल अस्पतालहरुमा थप विशेषज्ञ सेवा विस्तार गरिनेछ ।

११८. उच्चशिक्षालाई अनुसन्धानमूलक एवं वैज्ञानिक बनाउन विशेष नीति तथा कार्यक्रम तय गरिनेछ ।

११९. विश्वविद्यालयहरूको आर्थिक नियमितता एवं पारदर्शीताको लागि विश्वविद्यालय अनुदान आयोग एवं अन्य सम्बन्धित निकायलाई सक्रिय बनाइनेछ ।

१२०. विश्वविद्यालय सम्बन्धी छाता ऐनलाई अन्तिम रुप दिइनेछ ।क्षेत्रीय विकासको अवधारणा र वहुविश्वविद्यालय एवं विषयगत विविधिकरणका आधारमा विश्वविद्यालयहरुको व्यवस्थापन गरिनेछ।

१२१. शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न उच्च प्राथमिकता दिईनेछ । मुलुकको आवश्यकता अनुरुपको दक्ष जनशक्तिको विकास गर्न शिक्षाको विकासमा जोड दिईनेछ । सरकारी र निजी क्षेत्रबाट खोलिएका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर कायम गर्न नियमन प्रणाली सुदृढ बनाइनेछ । सरकारी र निजी शैक्षिक संस्थाबीच सहवरण कार्यक्रम सञ्चालन गरी शैक्षिक खाडल कम गर्न अभियान थालिनेछ ।

१२२. नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि कानूनी आधार तयार गरिनेछ ।प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, साक्षरता कार्यक्रम, माध्यमिक शिक्षा कार्यक्रम, प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२३. श्रमिकहरुको हितको संरक्षण र प्रवर्द्धन गर्न र औद्योगिक प्रतिष्ठानहरु सञ्चालनमा सहजता ल्याउन प्रतिष्ठानस्तरमा एक मात्र निर्वाचित ट्रेड युनियन रहने व्यवस्था गरिनेछ ।

१२४. औद्योगिक प्रतिष्ठानहरुको सुरक्षाको लागि गठन भएको औद्योगिक सुरक्षा वललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । प्रतिष्ठानमा घटना घटेको १५ मिनेट भित्र सुरक्षा वल पुग्ने व्यवस्था मिलाइनेछ ।

१२५. राष्ट्रिय राजमार्ग, शैक्षिक तथा औद्योगिक प्रतिष्ठान र ठूला विकास आयोजना क्षेत्रहरुलाई बन्द हडताल मुक्त गरिनेछ ।

१२६. श्रम सम्बन्धलाई व्यवस्थित र मर्यादित बनाइने छ । समस्याहरुको समाधान वार्ता र संवादको माध्यमबाट गरिने छ र बन्द हडताल जस्ता गतिविधिहरुलाई निरुत्साहित गरिनेछ । सरकारमा सहभागी दल र तिनका भातृ संगठनहरुले 'नेपाल बन्द' जस्ता कार्यक्रम गर्ने छैनन् ।

१२७. राष्ट्र निर्माणमा युवाहरुको भूमिका वढाउने उद्देश्यका साथ युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । राष्ट्रिय रोजगार नीति तर्जुमा गरी नेपालमै रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

१२८. वैदेशिक रोजगारीमा जाने युवालाई सरल र सुलभ कर्जा दिई उनीहरुले पठाउने रेमिटान्सबाट कट्टा हुने व्यवस्था मिलाइनेछ । साथै विदेशमा सीप सिकेर फर्किएकालाई उनीहरुको सीप अनुसार स्वदेशमा व्यवसाय गर्नको लागि सरल तरिकाले ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । निजी क्षेत्रको सहकार्यमा रोजगारदाता बैङ्कको स्थापना गरिनेछ ।

१२९. सामाजिक सुरक्षाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न सामाजिक सुरक्षा ऐन ल्याईनेछ ।

१३०. वैदेशिक रोजगारमा नेपालीहरु कार्यरत रहेको स्थानमा उनीहरुको आधारभूत अधिकारहरुको संरक्षणका लागि सरकार सचेत रहेनछ ।

१३१. वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरूको विवरण एवं तथ्याङ्क अद्यावधिक गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

१३२. छुवाछुत मुक्त राष्ट्रको घोषणालाई सार्थक बनाउन सामाजिक एकिकरण र सद्भाव सम्बन्धी जागरण कार्यक्रमहरु संचालन गरिनेछ । छुवाछुत र जातीय विभेदको कसुरलाई गंभीर सामाजिक अपराधको रुपमा लिदै कानूनी उपचार प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

१३३. महिला विरुद्धका सबै प्रकारका हिंसाको अन्त्यका लागि प्रभावकारी कदम चालिनेछ । राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

१३४. मुलुकमा व्याप्त गरिवी, अभाव र अल्पविकासको समस्यालाई सम्वोधन गर्न विशेष गरिब लक्षित आयमूलक कार्यक्रम अघि वढाइनेछ ।

१३५. जेष्ठ नागरिकले परिवार तथा समाजमा सम्मानपूर्वक जिउन पाउने हक सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रम अघि बढाइनेछ ।

१३६. अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउदै शिक्षा, सीपविकास र रोजगारीका अवसर सृजना गरी अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर बन्न प्रेरित गरिनेछ । पूर्वाधार विकासलाई अपाङ्गमैत्री वनाउने नीति अवलम्वन गरिनेछ ।

१३७. कर्णाली लगायत पिछडिएका क्षेत्रको विकासका लागि एकीकृत विकास कार्यक्रम अघि बढाइनेछ ।

१३८. अल्पसंख्यक, लोपोन्मुख तथा सीमान्तकृत समुदायको भाषा, संस्कृति, सीप र परम्पराको संरक्षण र विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

## (ङ) अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय सुरक्षा र गैर आवासीय नेपाली

१३९. नेपालको सार्वभौमसत्ता, अखण्डता, र स्वतन्त्रतालाई कायम राख्दै संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तराष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन हुनेछ ।

१४०. मुलुकको वृहत्तर राष्ट्रिय स्वार्थलाई केन्द्रविन्दुमा राखेर छिमेकी तथा अन्य मित्र राष्ट्रहरुसँग सार्वभौम समानता एवं पारस्परिक हितका आधारमा द्विपक्षीय सम्बन्धलाई विस्तार र सुदृढ गर्दै लगिनेछ ।

१४१. राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिबीच सामन्जस्यता कायम गरिनेछ ।

१४२. आर्थिक कुटनीतिलाई परिणाममूखी बनाउदै लैजान अन्य कुराहरुका अतिरिक्त गैरआवासीय नेपालीहरुलाई नेपालको विकास प्रक्रियामा सहभागी गराउन थप पहल गरिनेछ । विदेशस्थित नेपाली नियोगहरु र राजदूतावासलाई मुलुकको वृहत्तर हित, समृद्धि र विदेशमा रहेका समस्त नेपाली नागरिक एवं नेपाली श्रमिकको पक्षमा क्रियाशील गराइनेछ ।

१४३. कुटनीतिक आचारसंहिता, २०६८ लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

१४४. नेपालको परराष्ट्र नीतिको प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक कूटनीतिलाई परिणाममूखी बनाउन परराष्ट्र सेवालाई थप सुदृढ र संगठित बनाउदै लगिनेछ ।

१४५. नागरिकले सहज र सरल रुपमा राहदानी पाउनको लागि आवश्यक थप नीतिगत, संरचनागत लगायत प्रविधिगत सुधार गरी ७५ वटै जिल्ला र विदेशस्थित नेपाली नियोगहरुमा अनलाइन सेवा मार्फत प्रत्यक्ष दर्ता प्रणालीको थालनी गरिनेछ ।

# आचार संहिता

राष्ट्रको सम्पूर्ण ध्यान संविधानसभाबाट संविधान निर्माण गरी जारी गर्ने अभियानमा केन्द्रित भइरहेको यथार्थ प्रति संवेदनशील हुँदै, संविधानसभाको निर्वाचनद्वारा गठित संविधानसभा र त्यसले सम्पादन गर्नुपर्ने संविधान निर्माणको ऐतिहासिक भूमिकाप्रति सचेत हुँदै, संविधानसभाबाट सरकारको गठन र संचालनमा साझेदार दुई पार्टीका बीच सम्पन्न सहमतिका सात बुँदाप्रति सचेत एवं प्रतिबद्ध एंव राष्ट्र र जनताको सर्वोत्तम हितका लागि पूर्ण निष्ठा, मर्यादा एवं जिम्मेवारीपूर्वक कार्यसम्पादनमा सक्रिय रहनुपर्ने कर्तव्यबोध गर्दै नेपालको अन्तरिम संविधान २०६३, गणतन्त्र एवं लोकतन्त्रका आधारभूत सिद्धान्तहरू एवं आदर्श, प्रचलित नेपाल कानून, कानूनी शासनको अवधारणा तथा मानव अधिकारका आधारभूत मान्यताबाट अभिप्रेरित हुँदै, नेपाल सरकारका प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री एवं राष्ट्रसेवक कर्मचारीहरूले समेत पालना गर्ने गरी यो आचार संहिता बनाई जारी गरिएको छ ।

१. लोकतन्त्रको सर्वोपरी आदर्श, संविधान र कानूनद्वारा निर्दिष्ट मापदण्ड, कानूनी व्यवस्थाहरू, कानूनी राज्यका मान्यता र मानव अधिकारको प्रत्याभूति सामूहिक उत्तरदायित्व र व्यक्तिगत जिम्मेवारीका रुपमा सदैव पालना गर्ने।

२. सरकारको संयुक्त चरित्रलाई ध्यानमा राखी सत्ता साझेदार राजनीतिक दलहरुका बीचमा भएको सहमतिलाई मार्गदर्शनको रुपमा लिई सहमति र सहकार्यको भावना अनुरुप काम गर्ने ।

३. राष्ट्र र जनताको सर्वोपरी हितलाई ध्यानमा राखी सरकार संचालनको साझा न्यूनतम कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध रही त्यसको कार्यान्वयनका लागि निष्पक्ष र सक्रियतापूर्वक कार्य गर्ने ।

४. प्रधानमन्त्रीले मन्त्रीहरुलाई साझा न्यूनतम कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन सक्ने र उक्त निर्देशन पालना गर्दै मन्त्रीहरुले प्रधानमन्त्रीलाई पूर्ण रुपमा सहयोग गर्नुपर्ने ।

५. मन्त्रीहरुले आफ्नो कर्तव्यको निर्वाह संविधान ऐन, नियमद्वारा निर्धारित विधि र पद्धति अनुरुप गर्ने ।

६. मानव अधिकार, लोकतान्त्रिक मूल्य मान्यता, सामाजिक मर्यादा तथा पदीय प्रतिष्ठा अनुरुपको आचरण गर्ने ।

७. पदीय गोपनीयता कायम गर्दै शिष्टाचार र अनुशासनको पूर्णरुपमा पालना गर्ने । मुलुक र जनताका हित विपरित हुने तथा पदीय मर्यादा, प्रतिष्ठा र जिम्मेवारीमा आँच पुग्न जाने गरी कसैसँग सम्वन्ध नराख्ने ।

८. पदीय जिम्मेवारी निर्वाह गर्दा व्यक्तिगत स्वार्थवाट प्रभावित नभई सार्वजनिक हितको पक्षपोषण गर्ने तथा कुनै प्रकारको आय आर्जन हुने अन्य कुनै पदमा नरहने ।

९. अनावश्यक, औचित्यहिन र महंगा भ्रमण कार्यक्रमहरुमा संलग्न नहुने । कसैवाट पनि महङ्गा उपहार र आर्थिक लाभ नलिने । मितव्ययिताको सिद्धान्त अवलम्बन गर्ने ।

१०. संविधान निर्माणको काममा प्रतिकूल प्रभाव पर्ने गरी कुनै प्रकारको गतिविधि नगर्ने । समयमै संविधान निर्माणको काममा सहयोग पुऱ्याउने कुरामा रचनात्मक भूमिका निर्वाह गर्ने ।

११. मन्त्रिपरिषद् भित्र मतमतान्तर भएका विषयहरु समाधानका लागि समन्वय समितिको सहयोग लिने ।

१२. सम्बन्धित दलबाट फिर्ता बोलाइएको अवस्थामा राजीनामा गर्ने ।

१३. मन्त्रीहरुले पदभार ग्रहण गरेको र पदमुक्त भएको पन्ध्र दिन भित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेछ ।

# सरकार सञ्चालनको कार्यविधि

१. संयुक्त सरकारको सञ्चालन नेपालको अन्तरिम संविधान, गणतान्त्रिक एवं लोकतान्त्रिक मान्यता, कानून र नियम तथा साझा न्यूनतम कार्यक्रमका आधारमा हुनेछ ।

२. राष्ट्रिय महत्वका विषय र सत्तामा साझेदार दलले आवश्यक ठानेका महत्वपूर्ण विषयमा सत्ता साझेदार दलहरुका शीर्ष नेतृत्व तहमा छलफल गरी सहमती निर्माण गरिनेछ ।

३. सरकारको नीति तथा कार्यक्रम, बजेट तर्जुमा, संवैधानिक नियुक्ति जस्ता विषयहरु साझा न्यूनतम कार्यक्रम र सरकारमा सहभागी राजनीतिक दलहरुको सहमतिका आधारमा अघि वढाइनेछ ।

४. प्रधानमन्त्री र मन्त्रीहरु व्यवस्थापिका संसद र नेपाली जनताप्रति उत्तरदायी हुनेछन् । साथै मन्त्रीहरु आ-आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगतरुपमा प्रधानमन्त्रीप्रति र सामूहिक रुपमा व्यवस्थापिका संसद प्रति उत्तरदायी हुनेछन् । मन्त्रिपरिषदको निर्णयका लागि सामूहिक जिम्मेवारीको सिद्धान्त लागु हुनेछ । सरकारमा प्रतिनिधित्व गर्ने मन्त्रीहरूले प्रचलित संविधान एवं कानून अनुसार आ-आफ्नो जिम्मेवारी स्वतन्त्र ढंगले निर्वाह गर्नुपर्नेछ।

५. सहमति अनुसार राजनीतिक दलहरुको जिम्मामा रहेका मन्त्रालयको नेतृत्व गर्ने व्यक्तिहरुलाई सिफारिस गर्ने र फिर्ता वोलाउने अधिकार सम्वन्धित दलमा रहनेछ ।

६. कुनैपनि मन्त्रीले एकअर्काको आलोचना र टिप्पणी सार्वजनिक रुपमा गर्ने छैनन् ।

७. कुनैपनि मन्त्रीले मन्त्रालय र अन्तर्गतको साधन, स्रोत र शक्तिलाई अख्तियारको दायरा भन्दा वाहिर गएर प्रयोग गर्ने छैन । पक्षपात, नातावाद, कृपावाद र चाकडीको प्रवृत्तिलाई कडाइका साथ निरुत्साहित गर्नुपर्नेछ ।

८. मन्त्रिपरिषद् र मन्त्रीस्तरवाट हुने राजनीतिक नियुक्ति सत्ता साझेदारीको विधि अनुरुप समझदारीका आधारमा गरिनेछ ।

९. संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम कार्यान्वयन गराउने र मन्त्रिपरिषद्लाई अनुशासित, व्यवस्थित गर्ने जिम्मेवारी प्रधानमन्त्रीको हुनेछ । प्रधानमन्त्रीको निर्देशनलाई पालना गर्नु सबै मन्त्रीहरुको प्रमुख कर्तव्य हुनेछ ।

१०. सहमती र सहकार्यको भावना अनुरुप सरकारको सञ्चालनमा कुनै समस्या उत्पन्न भएमा प्रधानमन्त्रीको अग्रसरतामा मन्त्रिपरिषद् भित्र र राजनीतिकस्तरमा समेत उपयुक्त संयन्त्र गठन गरी समस्या समाधान गर्नुपर्नेछ ।